का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ साउन २०८१,

शुक्रबार

2 August, 2024

Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न





*सेती नदीमा आएको बाढीले गत २२ असारमा घर बगाएपछि विस्थापित भएका ३९ घरपरिवार पोखरा-१५ स्थित गस्ती टोलमा त्रिपाल टाँगेर बसिरहेका छन् । तस्बीर: ऋषिराम बराल, रासस*

### संक्रमणकालीन न्याय

# माओवादी नरम बन्दा जुट्यो सहमति

पीडितमैत्री हुने गरी संक्रमणकालीन न्यायमा सहमति जुटाएको नेताहरु बताउँछन् । राजनीतिक रुपमा जुटेको सहमति अब विधायिकी प्रक्रियामा अगाडि बढ्नेछ ।



कार्यदल स्तरमा सहमति भएको छ । अब सहमतिलाई विधेयकमा मिलाउने काम हुन्छ । यसरी संक्रमणकालीन न्यायको विषय अब अगाडि बढ्छ ।

**■ विमला सुवेदी**
**सभापति, कानून न्याय तथा मानव अधिकार समिति**

**शिव विक/मध्यान्ह**
काठमाडौं, १७ साउन ।

संक्रमणकालिन न्याय सम्बन्धी विधेयकमा राजनीतिक दलहरुका बीचमा सहमति जुटेको छ । विधेयकमा मिल्न बाँकी विषय टुंगो लगाउन गठित कार्यदलले सहमति जुटाएको हो । मानवअधिकारको गम्भीर उल्लंघनको परिभाषामा आर्बिटरी हत्या लेख्ने गरी सहमति जुटेको छ ।

सशस्त्र द्वन्द्वका क्रममा जोडिएका र प्रभावित भएका व्यक्तिहरुलाई कसरी सम्बोधन गर्ने भनेर सहमति भएको छ ।

मानवअधिकारको उल्लंघनका घटनामा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति अनिवार्य गरिएको छ ।

घटी सजायको सम्बन्धमा आधार कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गरिएको छ । घटी सजायका सम्बन्धमा प्रतिशत तोकेर जाने गरी सहमति जुटेको हो । यसमा ७६ प्रतिशतसम्म घटी सजाय हुन सक्ने गरी कानूनी व्यवस्थाका लागि दलहरु



तयार भएका छन् ।

अयोग्य लडाकु र परिपुरणमा असन्तुष्ट तत्कालीन शाही सेनाका परिवार समेत सशस्त्र द्वन्द्वका क्रममा जोडिएका र प्रभावित भएका व्यक्तिहरुलाई सम्बोधन गर्ने विषयमा पनि सहमति जुटेको छ । समान आर्थिक सहायता प्राप्त हुने गरी यो विषयमा सहमति गरिएको छ ।

यी चार वटा विषयमा थप छलफल गर्न आग्रह गर्दै प्रतिनिधि सभाको कानून न्याय तथा मानव अधिकार समितिले गठन गरेको उपसमितिले २३ असोज २०८० मा संक्रमणकालीन न्याय सम्बन्धी विधेयकको प्रतिवेदन बुझाएको थियो । यो विषयमा शीर्ष नेताहरुबीच समेत पटक-पटक छलफल भएको छ ।

असार १३ गते कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबीच भएको

>>> पृष्ठ २ मा

### एमालेमा कार्यविभाजन

# जिम्मेवारीमा व्यापक हेरफेर



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ साउन ।

नेकपा एमालेले पदाधिकारी र केन्द्रीय सदस्यहरुको जिम्मेवारीमा व्यापक हेरफेर गरेको छ।

पार्टीले सरकारको नेतृत्व लिएपछि बसेको सचिवालय बैठकले नेताहरूको जिम्मेवारीमा व्यापक हेरफेर गरेको हो । नेताहरूका अनुसार सरकारको काम कारबाही जनतामा पुऱ्याउने र जनतासँगको सम्बन्ध थप बलियो बनाउने उद्देश्यका साथ जिम्मेवारी तय गरिएको छ ।

कार्यविभाजन अनुसार प्रधानमन्त्री समेत रहेका पार्टी अध्यक्ष केपी शर्मा ओलीले पार्टीको समग्र नेतृत्व गर्नेछन् । वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले नीति अनुसन्धान प्रतिष्ठान संयोजन, नीति तथा योजना सम्बद्ध विभागहरूको प्रमुखको जिम्मेवारी पाएका छन् ।

उपाध्यक्ष युवराज ज्ञवालीले प्रदेश तथा स्थानीय तह समन्वय संयोजन, मानवश्रोत सम्बद्ध विभागहरूको जिम्मेवारी पाएका छन् भने अष्टलक्ष्मी शाक्यले राजनीतिक समन्वय संयोजन, सामाजिक विकास सम्बद्ध विभागहरूको जिम्मेवारी पाएकी छन्।

रामबहादुर थापाले कूटनीतिक सम्बन्ध तथा राष्ट्रिय सुरक्षा संयोजन, कृषि तथा उद्यमशीलता सम्बद्ध विभागहरूको जिम्मेवारी पाएका छन् भने विष्णुप्रसाद पौडेलले पार्टीको संगठनात्मक कामको अनुगमन संयोजन, पार्टी सम्बद्ध विभागहरूको जिम्मेवारी पाएका छन् ।

सुरेन्द्रप्रसाद पाण्डेले राजकीय मामला संयोजन, पूर्वाधार तथा विकास सम्बद्ध विभागहरूको जिम्मेवारी पाउँदा गुरुप्रसाद बरालले संसदीय मामला, संयोजन, सुशासन र सेवाप्रवाह सम्बद्ध विभागहरूको जिम्मेवारी पाएका छन् ।

महासचिव शंकर पोखरेलले पार्टीको संगठनात्मक

पार्टीले सरकारको नेतृत्व लिएपछि बसेको नेकपा एमालेको सचिवालय बैठकले नेताहरूको जिम्मेवारीमा व्यापक हेरफेर गरेको हो । नेताहरूका अनुसार सरकारको काम कारबाही जनतामा पुऱ्याउने र जनतासँगको सम्बन्ध थप बलियो बनाउने उद्देश्यका साथ जिम्मेवारी तय गरिएको छ ।

कामको संयोजनको जिम्मेवारी पाएका छन् ।

यस्तै उपमहासचिवहरूमा प्रदीप ज्ञवालीले पार्टी स्कुल विभागको जिम्मेवारी पाएका छन् भने विष्णु रिमालले निर्वाचन विभाग प्रमुख, वित्त तथा कोष व्यवस्थापन विभागको जिम्मेवारी पाएका छन् । पृथ्वीसुब्बा गुरुङ मन्त्री भएकाले कुनै जिम्मेवारी पाएका छैनन् ।

>>> पृष्ठ २ मा

# मापदण्ड पुगेका नर्सिङ कलेजले सम्बन्धन पाउने



**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ साउन ।

मापदण्ड पुगेका नर्सिङ कलेजले सम्बन्धन पाउने भएका छन् । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले मापदण्ड पुगेका र सम्बधनको प्रक्रियामा रहेका कलेजहरुले नर्सिङ पढाउन पाउने बताएकी हुन् । यसका लागि सरकारले आवश्यक पहल लिने उनको प्रतिबद्धता छ ।

बिहीबार प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र चिकित्सा शिक्षा आयोगका पदाधिकारीहरु समेतको उपस्थितिमा भएको छलफलमा मन्त्री भट्टराईले मापदण्ड पुगेका नर्सिङ कलेजले सम्बन्धन पाउने बताएकी हुन् ।

चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्रा.डा. अन्जनी कुमार झाका अनुसार २२ वटा संस्थाले आयोगबाट आशयपत्र प्राप्त गरेका छन् । आशयपत्र पाएका सांस्थाहरु सम्बन्धन प्राप्त गर्ने प्रक्रियामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटइभिटी) पुगेको छ । ति २२ वटा संस्थाले नर्सिङ पढाउने चाहेका छन् ।

तर, यही साउन १९ गते इन्ट्रान्स परीक्षा हुँदैछ । त्यस अगावै आफूहरुले नर्सिङ पढाउने अनुमति पाउनुपर्ने सम्बन्धित संस्थाहरुको माग छ ।

यो मागका सम्बन्धमा छलफल गर्न बिहीबार संसदको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठक बसेको हो ।

मन्त्रीको प्रतिबद्धता समेतको आधारमा समितिले मापदण्ड पूरा गरेर अगाडि बढेका संस्थाहरुलाई सम्बन्धन दिन निर्देश गरेको छ ।

'प्रावधिक शिक्षा तथा व्यावसायीक तालिम परिषदको बैठक तत्काल राखी सम्बन्धनका लागि चिकित्सा शिक्षा ऐन २०७५ र सो सम्बन्धी नियमावली बमोजिम आवश्यक मापदण्ड, शर्त र प्रक्रिया पुरा गरेका संस्थाहरुलाई आयोग समक्ष पेश गरी सम्बन्धन स्वीकृति गरी यसै शैक्षिक सत्रभित्र भर्ना प्रक्रिया प्रारम्भ गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन दिने' शिक्षा समितिको समितिको निर्णय छ ।

शिक्षा मन्त्रालयका अधिकारीहरुका अनुसार समितिको निर्देशन अनुसार तत्कालै प्रावधिक शिक्षा तथा व्यावसायीक तालिम परिषदको बैठक बस्ने तयारी भएको छ । उक्त बैठकमा संसदीय समितिको निर्देशन कार्यान्वयनको विषयमा छलफल हुनेछ ।

>>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# आन्तरिक रोजगारी सिर्जनामा सहयोग गर्न विश्व बैंकसँग मन्त्री भण्डारीको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ साउन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले बाध्यकारी वैदेशिक रोजगारी न्यूनीकरणका लागि आन्तरिक रोजगारी सिर्जना गर्ने नेपाल सरकारको योजनामा सहयोग गर्न विश्व बैंक र अन्य पक्षसँग आग्रह गरेका छन् ।

श्रम मन्त्रालयमा बिहीबार विश्व बैंकका आवासीय निर्देशक डेभिड सिस्लेनसँगको भेटमा मन्त्री भण्डारीले बाध्यकारी वैदेशिक रोजगारी अन्त्य गर्न आन्तरिक रोजगारीलाई दिगो बनाउने योजनामा नेपाल सरकारले काम गरिरहेको जानकारी गराउँदै उक्त आग्रह गरेका हुन् ।

स्थानीय तहमा रहेका सबै रोजगार सेवा केन्द्रलाई विकास साझेदारलगायतसँगको सहकार्य र प्राविधिक सहयोगमा 'जब हब'का रुपमा विकास गरिने बताउँदै श्रममन्त्री भण्डारीले नेपालका विकास साझेदारहरूले त्यसतर्फ आफ्ना प्रयासलाई केन्द्रित गर्न जरुरी रहेको बताएको मन्त्रालयले एक विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

जवाफमा विश्व बैंक आवासीय निर्देशक सिस्लेनले आन्तरिक रोजगारी सिर्जनामा सहयोग गर्न विश्व बैंक सदैव तयार रहेको बताएका छन् । यसका अतिरिक्त आन्तरिक रोजगारी वृद्धि र रोजगार सेवा केन्द्रको दिगोपना तथा सवलीकरण गर्ने सम्बन्धमा पनि छलफल भएको श्रम मन्त्रालयले जनाएको छ ।

यसअघि बुधबार मन्त्री भण्डारीसँग नेपालका लागि स्विट्जरल्यान्डकी राजदूत डेनियल मेउली र नेपालस्थित गणतन्त्र कोरियाका राजदूत पार्क ताई यंगले गरेको भेटमा पनि आप्रवासनका सवाल र रोजगार सेवा केन्द्रको सवलीकरण गर्ने सम्बन्धमा छलफल भएको थियो । त्यस अवसरमा मन्त्री भण्डारीले नेपालले रोजगार सेवा केन्द्रलाई रोजगारीको केन्द्रका रूपमा विकास गर्न सम्बन्धित विकास साझेदारसँगको सामूहिक छलफलबाट निष्कर्षमा पुग्ने र आप्रवासनका सवालको सम्बोधनमा पनि सरोकारवाला

>>> पृष्ठ २ मा

# वैदेशिक रोजगारका लागि थपिए ४९ मेडिकल

काठमाडौं/मस- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षणका लागि थप ४९ स्वास्थ्य संस्था नवीकरण गरेको छ ।

मन्त्रालयले वैदेशिक रोजगार ऐनको दफा ७२ को व्यवस्थाबमोजिम वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि २०७२ अनुसार ती संस्थाहरू नवीकरण गरेको हो । उनीहरूलाई गत माघ १६ गतेदेखि आगामी २०८३ साल माघ १५ गतेसम्मका लागि नवीकरण तथा सूचीकरण गरिएको मन्त्रालयले जनाएको छ ।

ऐनको दफा ७२ अनुसार वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गराउन इच्छुक स्वास्थ्य संस्थाहरूले सूचीकरण, नवीकरण भएको मितिदेखि तेस्रो वर्षको पुस मसान्तसम्ममा नवीकरण हुन निवेदन दिनुपर्ने प्रावधान छ । यसअघिको नवीकरणमा १ सय ४५ स्वास्थ्य संस्थाहरू नवीकरण तथा सूचीकरण भएका थिए । यसपटक सूचीकरण, नवीकरण हुनेमा उपत्यका बाहिरका ७ र उपत्यकामा कार्यालय रहेका १ सय ४२ मेडिकल सेन्टरहरू रहेका छन् । यसअघि सूचीकरण, नवीकरण हुनेमा उपत्यका काहिरका २३ र उपत्यकामा कार्यालय रहेका १ सय २२ मेडिकल सेन्टरहरू रहेका थिए ।

मध्यान्ह
www.madhyanhadaily.com
१८ साउन २०८१, शुक्रबार
2 August 2024, Friday

# 'तुल्सीलालको उच्च नैतिकता र चरित्रबाट भावी पुस्ताले प्रेरणा लिनुपर्छ'




**काठमाडौं/मस–** पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले तुल्सीलाल अमात्यको उच्च क्रान्तिकारी नैतिकता र चरित्रबाट वर्तमान तथा भावी पुस्ताले प्रेरणा लिनुपर्ने बताएकी छन् ।

ललितपुर, च्यासलस्थित एमाले मुख्यालयमा तुल्सीलाल स्मृति प्रतिष्ठानले बिहीबार आयोजना गरेको तुल्सीलाल अमात्यको २७ औं स्मृति दिवसको कार्यक्रममा उनले नेपाली राजनीतिमा हाल देखापरेको वैचारिक निष्ठा, आदर्श एवं नैतिक आचरणमा क्षयीकरणको भइरहेको बेला तुल्सीलाल अमात्यले जीवन पर्यान्त सिद्धान्त र आन्दोलनप्रति दर्शाउनुभएको त्याग, आदर्श, आचरण, सादा जीवनशैली र अध्यनशीलताबाट वर्तमान युवा पुस्ताले प्रेरणा लिनुपर्नेमा जोड दिइन् ।

नेता अमात्यले आजीवन गाउँका निमुखा किसान, मजदुर एवं आम श्रमजीवी वर्गप्रति देखाएका वर्ग पक्षधरता, सद्भाव र समर्पण भावलाई एक कम्युनिष्ट नेतामा हुनैपर्ने अपरिहार्य गुणका रूपमा लिन सकिने उनको भनाइ छ ।

पार्टीलाई क्रान्तिकारी धारमा ल्याउन तुल्सीलालको महत्वपूर्ण योगदान रहेको उनले चर्चा गरिन् । 'नेपालमा जहानीयाँ राणाशासन तथा निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र लोकतन्त्रको स्थापनाका लागि भएका हरेक आन्दोलनहरूमा सहभागी हुने सिलसिलामा तुल्सीलाल अमात्यले कयौँ पटक गिरफ्तारीमा पर्नुका साथै जेलजीवन बिताउनुभएको थियो भने तत्कालीन शासकहरूले उहाँको सर्वश्वहरण समेत गरेका थिए', पूर्वराष्ट्रपति भण्डारीले भनिन्, 'तथापि, उहाँ कम्युनिष्ट आदर्शबाट कहिल्यै विचलित हुनु भएन, बरु निस्वार्थ त्याग र समर्पणका साथै स्वच्छ राजनीतिक मूल्य र मान्यताका साथ निरन्तर रूपमा आन्दोलनमा लागि रहनुभयो ।'

उनले २००९ सालतिर तुल्सीलालको अगुवाइमा बारा, रौतहट र सर्लाही जिल्लामा ऐतिहासिक किसान आन्दोलन भएको उल्लेख गर्दै लाखौं किसानको सहभागिता रहेको उक्त आन्दोलनको सिलसिलामा करोडौं रूपैयाँ बराबरका जाली तमसुक च्यात्ने काम भएको बताइन् ।

'वि.सं २०६२/६३ सालमा भएको शान्तिपूर्ण जनआन्दोलनद्वारा स्थापित संघीय लोकतान्त्रिक गणतान्त्रिक प्रणालीअन्तर्गत आज हामीले उपभोग गरिरहेको स्वतन्त्रता, नागरिक अधिकार र समावेशिता कसैको निगाहबाट सहज रूपमा प्राप्त भएका होइनन', पूर्वराष्ट्रपति भण्डारीले भनिन्, 'यी परिवर्तन र उपलब्धिहरू तुल्सीलाल अमात्यलगायत हजारौं नेता कार्यकर्ताको अटूट संघर्ष, त्याग र बलिदानको लामो शृंखलापश्चात् मात्र प्राप्त भएका हुन् भन्ने यथार्थलाई वर्तमान पुस्ताले कदापि बिर्सनुहुँदैन ।'

कार्यक्रममा एमाले नेता भीम रावलले तुल्सीलालले नेपालको कम्युनिष्ट आन्दोलनलाई अघि बढाउने काम गरेको बताए । उनले २०४६ सालमा जनआन्दोलनमा पनि संयुक्त वाममोर्चाको निर्माणमा उहाँको सक्रिय योगदान रहेको बताए ।

तुल्सीलाल स्मृति प्रतिष्ठानका अध्यक्ष गोपाल शाक्यले तुल्सीलालका विचारलाई पार्टी आत्मसात गर्नुपर्ने बताए । वि.सं.१९७३ साल जेठ १४ गते पाटनमा जन्मनुभएका तुल्सीलाल अमात्यको विसं २०५४ साल साउन १७ गते ८१ वर्षको उमेरमा निधन भएको थियो ।

# आवश्यकभन्दा दश गुणा बढी मात्राको किमो दिंदा बिरामीको मृत्यु

## दुई नर्स निलम्बित, दुई चिकित्सकसहित २३ जनासँग स्पष्टीकरण माग

**चितवन/मस–** चितवनस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा उपचाररत एक बिरामीलाई आवश्यक भन्दा दश गुणा बढी मात्राको किमो (क्यान्सर कोषहरुलाई नष्ट गर्न प्रयोग गरिने औषधि) दिएपछि मृत्यु भएको खुलेको छ ।

अस्पतालमा उपचारका लागि आएका लमजुङका बिरामीलाई दिनुपर्ने भन्दा दश गुणा बढी किमोको मात्रा दिइएको थियो ।

बिरामीलाई तीन दशमलव चार मिलिग्राम किमो दिनुपर्नेमा ३४ मिलिग्राम दिएपछि बिरामीको मृत्यु भएको देखिएको अस्पतालका सूचना अधिकारी गृहीनारायण महतोले जानकारी दिएका छन् ।

अस्पतालका अनुसार मृत्यु हुनेमा लमजुङको दोर्दीका ५० वर्षीय भक्तराज गुरुङ रहेका छन् । गुरुङको खुट्टामा छालाको क्यान्सर भएपछि उपचारका लागि ल्याइएको थियो । उपचारका क्रममा आवश्यकभन्दा बढी किमो दिएपछि गुरुङको मृत्यु भएको महतोले बताए ।

उनका अनुसार मेडिकल वार्डमा तीन पटकसम्म सोही मात्राको किमो दिएपछि बिरामीको शरीरले उक्त मात्रा धान्न नसकेर गत असार १३ गते राति मृत्यु भएको थियो ।

'खुट्टाको छालाको क्यान्सर 'मेलानो'मा भएपछि शल्यक्रिया गरिएको थियो । रोग फैलिएर खुट्टा मुनिको काछसम्म पुगेर गाँठागुठी देखिएपछि 'बायप्सी' (क्यान्सर भए/नभएको पत्ता गराउन गरिने परीक्षण) गरेर क्यान्सर एकीन गरिएको थियो । सो पश्चात् बिरामीलाई किमो दिन थालिएको थियो', उनले भने ।

दुईजना नर्सलाई निलम्बन गरिएको छ । दुईजना नर्सलाई निलम्बन गरिएको छ भने दुई चिकित्सकसहित २३ जनासँग स्पष्टीकरण माग गरी सचेत गराइएको हो । सूचना अधिकारी महतोका अनुसार नर्स प्रभा तामाङ र आकृति श्रेष्ठलाई निलम्बन गरिएको छ । अस्पतालले उपनिर्देशक डा. उमेश नेपाल, मेडिकल अंकोलोजी विभागका प्रमुख डा. गुरुशरण शाह र नर्सिङ् प्रमुख अनिता देवकोटा रहेको छानबिन समिति गठन गरेको थियो ।

# बराहक्षेत्र–१० मा न्यून शुल्कमा शारीरिक व्यायमशाला सञ्चालनमा



**सुनसरी/मस–** सुनसरीको बराहक्षेत्र नगरपालिकाको वडा नं १० प्रकाशपुरस्थित वडा कार्यालयले निःशुल्क ट्याक्टर सेवा र न्यून शुल्कमा व्यायमशाला सञ्चालनमा ल्याएको छ ।

वडा कार्यालयले गत आर्थिक वर्षको बजेटबाट एउटा ट्याक्टर र शारीरिक सुगठन केन्द्र (व्यायमशाला केन्द्र) सञ्चालनमा ल्याएको हो । बिहीबार बराहक्षेत्र नगरपालिकाका प्रमुख रमेश कार्की र वडा अध्यक्ष तेजबहादुर गुरुङले संयुक्तरुपमा पूजापाठ गरी ट्याक्टर सेवा र व्यायमशालाको उद्घाटन गरे ।

वडा कार्यालयले करिब १४ लाख ५५ हजारमा खरिद गरेको ट्याक्टरले विशेषगरी घरदेखि घाटसम्म शव लैजान र शव दाहसंस्कार गर्नका लागि आवश्यक सामग्री बोक्न प्रयोग हुने वडाध्यक्ष तेजबहादुर गुरुङले जानकारी दिए ।

यस्तै नगरपालिकाले १० लाख रुपैयाँको लागतमा व्यायमशाला सञ्चालनमा ल्याएको उनले बताए । उक्त व्यायमशाला सञ्चालन तथा व्यवस्थापनका साथै रेखदेख भने प्रकाशपुर युवा जमातले गर्नेछ । व्यायमशालामा व्यायम गर्न प्रतिमहिना १५० देखि ६ सय मात्र लाग्ने वडाध्यक्ष गुरुङले जानकारी दिए । व्यायम गर्ने इच्छा भएपनि आर्थिक समस्या भएका युवा युवतीहरुलाई निःशुल्क सेवा उपलब्ध गराइने उनले बताए ।

उद्घाटन कार्यक्रममा वडाका जनप्रतिनिधिहरू, राजनैतिक दलका प्रतिनिधिहरू, कर्मचारी तथा स्थानीय सरोकारवाला, समाजसेवीलगायतको सहभागिता रहेको थियो ।

**मानव...**

छलफलपछि तीन पार्टीबाट एक/एक जना रहने गरी कार्यदल बनेको थियो । उक्त कार्यदलमा कांग्रेसबाट रमेश लेखक, एमालेबाट महेश बर्तौला र माओवादीबाट जनार्दन शर्मा रहेका छन् ।

पीडितमैत्री हुने गरी संक्रमणकालीन न्यायमा सहमति जुटाएको नेताहरू बताउँछन् । राजनीतिक रुपमा जुटेको सहमति अब विधायिकी प्रक्रियामा अगाडि बढ्नेछ ।

संसदमा प्रमुख तीन दलबीच सहमति भएपछि अब प्रतिनिधिसभाको कानून न्याय तथा मानवअधिकार समितिले विधेयक अगाडि बढाउने र संसदको चालु अधिवेशनबाटै यो विधेयक पास गर्ने नेताहरुले बताएका छन् । त्यसो भएमा माओवादी शान्ति प्रक्रियामा आएको १९ वर्षपछि सशस्त्र द्वन्द्वका पीडितहरुलाई सम्बोधन गर्ने प्रक्रिया शुरु हुनेछ ।

१० वर्ष लामो सशस्त्र द्वन्द्व अन्त्य गर्दै माओवादी २०६३ मंसिर ५ मा बृहत शान्ति सम्झौता गर्दै शान्तिपूर्ण राजनीतिमा आएको थियो । माओवादी लडाकूहरुको हतियार व्यवस्थापन भइसक्यो । यो अवधिमा माओवादीले चार पटक सरकारको नेतृत्व गरिसक्यो भने धेरै जसो समय सरकारमा सहभागी भयो ।

तर द्वन्द्वकालका घटनाको सत्य अन्वेषण गर्ने र पीडितहरुलाई सम्बोधन गर्ने काम हुन सकेको छैन ।

२०७१ वैशाखमा बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन पनि बनेको थियो । ऐन अनुसार २८ माघ २०७१ मा पहिलो पटक बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन पनि भयो । तर त्यसको केही दिनमै (१४ फागुनमा) सर्वोच्च अदालतले गम्भीर अपराधमा समेत क्षमादान दिने सकिने गरी ऐनमा गरेको व्यवस्था खारेज गरिदियो ।

त्यसयता हरेक सरकारले ऐन संशोधनलाई प्राथमिकतामा राखेको बताए, एउटा आयोगको म्याद सकिएर अर्को आयोग पनि बन्यो । तर ऐन संशोधन हुन सकेन ।

पछिल्लो पटक २५ फागुन २०७९ संसदमा दर्ता भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप ऐनलाई संशोधन गर्न बनेको विधेयक कानुन न्याय तथा मानवअधिकार समितिमा विचाराधीन छ ।

१५ वैशाख २०८० देखि प्रतिनिधि सभाको कानून न्याय तथा मानव अधिकार समितिमा दफावार छलफलमा छ । कार्यदल स्तरमा सहमति भएसँगै विधेयक अगाडि बढाउने तयारीमा रहेको समिति सभापति बिमला सुवेदी बताउँछिन् ।

उनी भन्छिन्, 'कार्यदल स्तरमा सहमति भएको छ । अब सहमतिलाई विधेयकमा मिलाउने काम हुन्छ । यसरी संक्रमणकालीन न्यायको विषय अब अगाडि बढ्छ ।'

**जिम्मेवारीमा...**

यस्तै सचिवहरूमा लेखराज भट्टले सुदूरपश्चिम प्रदेशको इन्चार्जको जिम्मेवारी पाएका छन् भने गोकर्णराज विष्टले भौतिक पूर्वाधार तथा यातायात विभागको जिम्मेवारी पाएका छन् ।

योगेश भट्टराईले संसदीय विभागको जिम्मेवारी पाउँदा रघुवीर महासेठले परराष्ट्र मामिला विभागको जिम्मेवारी पाएका छन् ।

छविलाल विश्वकर्माले स्थानीय विकास विभागको जिम्मेवारी पाएका छन् भने पद्माकुमारी अर्यालले लुम्बिनी प्रदेशको इन्चार्जको जिम्मेवारी पाएकी छिन् । एमाले सचिव टोपबहादुर रायमाझी निलम्बनमा परेका छन् ।

सचिवद्वय पद्मा अर्याल र लेखराज भट्ट बाहेक अरु प्रदेश इन्चार्ज फेरिएका हुन् । अर्याल लुम्बिनी र भट्ट सुदूरपश्चिम प्रदेश इन्चार्जमा कायमै रहेका छन् ।

यसअघि कोशीमा रघुवीर महासेठ, मधेशमा योगेश भट्टराई, बागमतीमा गुरुप्रसाद बराल र गण्डकीमा गोकर्ण विष्ट इन्चार्ज थिए । बराल बढुवा भएर उपाध्यक्ष मनोनीत भएकाले इन्चार्जको जिम्मेवारीबाट हटे ।

मधेशको इन्चार्जमा दाबी गरेका सचिव रघुवीर महासेठलाई अन्तर्राष्ट्रिय विभाग प्रमुखको जिम्मेवारी पाएका छन् । यसअघि यो विभागको प्रमुख रहेका राजन भट्टराईलाई भने बागमतीमा इन्चार्ज भएका हुन् ।एमालेले ७७ वटै जिल्ला इन्चार्जको जिम्मेवारी पनि तोकेको छ ।

जिम्मेवारी अनुसार पोलिटब्युरो सदस्य देवीप्रसाद ज्ञवाली चितवन जिल्ला इन्चार्ज बनेका छन् । काठमाडौंको जिम्मेवारी आनन्दप्रसाद पोखरेलले पाएका छन् ।

पोलिटब्युरो सदस्य गोकुलप्रसाद बास्कोटाले काभ्रेपलाञ्चोक, भक्तपुर महेश बस्नेत, ज्वालाकुमारी साहलाई बारा, विशाल भट्टराईलाई खोटाङ पाएका छन् ।

गणेशसिंह ठगुन्नालाई दार्चुला, ठाकुरप्रसाद गैरेलाई पाल्पा, जुलीकुमारी महतोलाई धनुषा, निरुदेवी पाललाई कञ्चनपुर, नरुलाल चौधरीलाई दाङ, सूर्य थापालाई प्युठान, पार्वत गुरुङलाई दोलखा जिल्ला इन्चार्जको जिम्मेवारी तोकिएको छ ।

अन्य पोलिटब्युरो सदस्य र केन्द्रीय सदस्यले पनि विभिन्न जिल्ला तथा निर्वाचन क्षेत्र तथा क्षेत्रगत फाँटको इन्चार्ज, प्रमुख तथा संयोजकको जिम्मेवारी पाएका छन् । एमालेले निर्वाचन क्षेत्रको जिम्मेवारी पनि नेताहरूलाई तोकेको छ ।

**आन्तरिक...**

सबैसँगको सहकार्यमा गर्न चाहेको बताएका थिए । कोरियाली राजदूत पार्क ताई यंगसँग कोरिया र नेपालबीच भएको ईपीएस कोरियासम्बन्धी द्विपक्षीय समझदारी र कोरिया रिटर्नीको सीप क्षमता सदुपयोगलगायतका विषयमा छलफल भएको मन्त्रालयले बताएको छ ।

**मापदण्ड...**

परिषद्ले २०६९ सालदेखि आशयपत्र (एलओआई) दिएका विभिन्न शिक्षण संस्थाहरूलाई अहिलेसम्म पनि सम्बन्धन दिन सकेको छैन ।

आशयपत्र पाएका तर सम्बन्धन नपाएका चिकित्सा शिक्षा अध्यापन संस्थाहरूलाई सम्बन्धन नदिएको विषयमा समेत समितिमा छलफल भएको थियो । त्यस्तै २०७८ सालदेखि विद्यार्थी भर्ना नपाएर बन्द भएका ६३ वटा नर्सिङ कलेजबारे समेत छलफल भएको थियो ।

चिकित्सा शिक्षा ऐन २०७५ जारी भएपछि सीटीईभीटी तथा नेपाल नर्सिङ परिषद्को मापदण्ड २०१६ को आधारमा सञ्चालनमा रहेका पीसीएल नर्सिङतर्फ ११७ मध्ये ६३ वटा शिक्षण संस्थामा भर्ना अवरुद्ध रहेको छ ।

भर्ना अवरुद्ध रहेका ६३ वटा शिक्षण संस्थाले मापदण्ड पूरा नगरेकाले यस वर्ष नर्सिङ पढाउन पाउने छैनन् । मापदण्ड पुगेका र प्रक्रियामा अगाडि बढेका २२ वटा संस्थाले भने सम्बन्धन पाउनेछन् ।

चिकित्सा शिक्षा ऐन अनुसार आफ्नै एक सय शय्याको अस्पताल हुनुपर्छ । यो मापदण्ड पूरा नभएका संस्थाले समेत आफूहरुको लगानी रहेको भनेर क्षमता अनुसार नर्सिङ पढाउन पाउनुपर्ने माग गर्दै आएका छन् । यो मागमा भने सरकार तयार भएको छैन । चिकित्सा शिक्षा ऐन विपरित जान नसकिने शिक्षा मन्त्रालयको भनाइ रहँदै आएको छ ।


## दुहवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

(राजस्व शाखा)
दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

### शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति : २०८१/०४/१८**

यस दुहबी नगरपालिका अन्तर्गत तपसिल बमोजिमका आ.व. २०८१/०८२ को लागि मिति २०८२ जेष्ठ मसान्तसम्मको लागि शिलबन्दी बोलपत्रद्वारा आन्तरिक आय संकलनको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुदा इच्छुक व्यक्ति, सस्थाहरुले तपसिलका शर्तहरुका अधिनमा रही दुहबी नगरपालिकाको कार्यालयमा तोकिएको समयभित्र छुट्टा छुट्टै गोप्य शिलबन्दी वोलपत्र दाखिला गर्नु हुन प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| रा आ ठे नं. | ठेक्का शिर्षक | उत्खनन गर्न पाउने अधिकतम परिमाण (बार्षिक) | न्यूनतम ठेक्का अंक मू अ कर समेत वार्षिक रु. |
|---|---|---|---|
| १६ | दुहवी नगरपालिका क्षेत्र भित्र पर्ने बुढि खोलाको (बि.ई.एस.).प्रतिवेदनमा उल्लेखित क्षेत्रहरु बाट उत्खनन हुने भरौट बालुवा तथा व्यापारिक प्रयोजनको माटो बिक्रि कर | १३२७४ (घ.मि.) | ५९,३२,२२०।- |

**शर्तहरु :**

१. शिलबन्दी बोलपत्र साथ रु. १० को टिकट टाँसी आफूले कवोल गरेको ठेक्का अंकको ५% धरौटी वापतको रकम दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयको एन.आई.सि. बैक दुहवी शाखामा रहेको धरौटी खाता नं. (१०८२०५८४९९३७८००५) मा जम्मा गरेको सक्कलै बैक भौचर संलग्न गर्नु पर्नेछ ।
२. शिलबन्दी बोलपत्र साथ बोलपत्रवालाले फर्म दर्ताको प्रतिलिपि, स्थायी लेखा नम्बर, नेपाली नागरीकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ र २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
३. शिलबन्दी बोलपत्र फारम दस्तुर : रु. ३०००।- फिर्ता नहुने गरी बोलपत्र फारम दुहबी न.पा.नगर कार्यपालिकाको कार्यालयको राजस्व शाखाबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।
४. शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति : प्रथम पटक सूचना प्रकाशित भएको ३० औं दिनसम्म (२०८१/०५/१५) गते सम्म रहनेछ ।
५. शिलबन्दी बोलपत्र दर्ता मिति : प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औ दिनसम्म मिति २०८१/०५/१६ गते दिउँसो १२:०० बजेसम्म नगरपालिकाको राजस्व शाखामा दर्ता गरी सक्नुपर्नेछ र सोही दिनको दिउसो ३:०० बजे यस नगरपालिकाको कार्यालयमा शिलबन्दी बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी आएको वा रीत नपुगेको बोलपत्र फारम उपर कुनै कारवाही हुनै छैन ।
७. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।
८. कबोल गरेको अंकलाई तिन किस्तामा बिभाजन गरिने छ । यसरी कायम भएको तिन किस्ता मध्ये प्रथम किस्ता सम्झौता अगावै नगदै र बाँकी किस्ताको हकमा मिति २०८२ साल भाद्र मसान्तसम्म कायम रहेको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकबाट जारी गरिएको बैंक ग्यारेण्टि पेश गर्नु पर्नेछ ।
९. दर्ता भएको शिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ । तर प्रतिनिधि अनुपस्थित भएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
१०. नगरपालिकाले तोकि दिएको दर रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नुपर्ने छ ।
११. अन्य जानकारीको लागि दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयको राजश्व तथा कर शाखामा कार्यालय समयभित्र टेलिफोन नम्बर ०२५- ५४२३८७ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।
१२. प्रचलित कानून विपरित हुने कुनै काम गरेमा जुनसुकै बखतपनि ठेक्का तोडी अन्य वैकल्पिक व्यवस्था गरिनेछ । यसरी ठेक्का तोडि अन्य व्यवस्था गर्दा पर्ने थप व्यभार वा क्षति स्वयम् ठेकदारले व्यहोर्नु पर्नेछ ।
१३. तोकिएको स्थान बाहेक अन्य स्थानबाट कर दस्तुर उठाउन पाईने छैन ।
१४. बोलपत्र दर्ता गर्ने अन्तिम मिति तथा शिलबन्दि बोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता हुने तथा खोलिनेछ ।
१५. कर संकलन कार्य गर्दा कुनै समस्या परेमा दुई पक्ष बिच आपसी छलफल गरी समधान गरिने छ । त्यस्तो छलफलबाट सहमति हुन नसकेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।
१६. एक फर्मको नाममा खरिद गरेको बोलपत्र फारम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।
१७. व्यक्तिको निजि जग्गाबाट माटो बिक्रि गर्दा जग्गा धनीले नै कति घन फिट माटो बिक्रि गर्ने हो यकिन गरी दुहवी नगरपालिकामा निवेदन दिनु पर्ने छ । सो सम्बन्धमा कार्यपालिकाले नर्णय गरी बार्षिक रुपमा एकमुष्ट शुल्क लिने छ । अन्यको हकमा राजस्व संकलन गर्ने कार्य नगरपालिकाले तोकेको ठेकदार मार्फत गरिने छ ।
१८. खोला वा नदिले वहाव परिवर्तन गरि वा नगरी निजि जग्गा वा व्यक्तिको स्वामित्वको जग्गाबाट बग्ने खोला वा नदि किनारको दुंगा, गिटि, वालुबा दहतर बहतरको बिक्रि गर्दा खोला वा नदिको दुबै तर्फ किनारा तर्फ रहेको प्राकृतिक स्रोतलाई प्रदेश राजपत्रमा उल्लेखित दररेटमा बिक्रि गर्नु पर्दछ ।
१९. खोलाबाट नदिजन्य पदार्थ उत्खनन गर्दा प्राकृतिक स्रोतको दुरुपयोग सार्वजनिक तथा मानविय बासस्थान भौगोलिक संरचना साध सिमाना रहेको छिमेकिको जग्गा संरचना कुलो नहर सडक सार्वजनिक तथा व्यक्तिगत भवन लगायतका संरचाना आदीमा कुनै किसिमको असर नपर्ने गरी उत्खनन गर्नुपर्ने छ ।
२०. अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

# भूमिकास्थान नगरपालिकामा रोकियो चुनढुंगा उत्खनन

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १७ साउन



अर्घाखाँचीको भूमिकास्थान नगरपालिकामा चुनढुंगा उत्खनन रोकिएको छ । नगरप्रमुख झविलाल थापाले भूमिकास्थान-९ सानडेभा लेखमा रहेको चुनढुंगा उत्खनन कार्य सधैंका लागि बन्द गरिएको बताए ।

भुनपाका हजारौं जनताले पिउने पानीको स्रोत मेटेर खानी सञ्चालन गर्न नसकिने भन्दै उनले खानी सधैंका लागि बन्द गर्नेतर्फ सबै लाग्नुपर्ने बताए ।

खिल्जी-असुरकोट खानेपानी तथा सरसफाइ योजना उपभोक्ता संस्था भूमिकास्थान नगरपालिका वडा नम्बर ५ को प्रथम वार्षिक उत्सवको समारोहलाई सम्बोधन गर्दै नगरप्रमुख थापाले यस्तो बताएका हुन्। भूमिकास्थान ९ सानडेभाको चुनढुंगा उत्खनन नगर्ने कार्यपालिका बैठकका निर्णयहरु अब पुनर्विचार नहुने बताउँदै नगरप्रमुख थापाले खानी तथा भू-गर्भ विभागमा कम्पनीले दिएको पालिकाको सिफारिस किर्ते हो भन्ने पुष्टी भइसकेको दावी गरे ।

'यस अगाडि पनि विभिन्न फोरममा मैले भन्दै आएको थिए, हामीले सिफारिस गरेका छैनौं' नगरप्रमुख थापाले नगरपालिकाको आन्तरिक आम्दानी बलियो बनाउन आफुहरुले उत्पादनलाई पहिलो प्राथमिकतामा राखेको बताए ।

कर्मशिल जनशक्ति परिचालन, व्यवसायिक कृषि, पर्यटन, पढ्दै कमाउँदै विद्यालय कार्यक्रम, उद्योग र व्यापार भूमिकास्थानको समृद्धिका आधार भएको बताउँदै नगरप्रमुख थापाले यी कार्यक्रम सफल पार्न सबैको साथको खाँचो रहेको बताए । पछिल्लो समय सामाजिक कार्य र सेवामा खट्ने प्रचलन हराउँदै गएको बताउँदै उनले सामाजिक एकताबिना समृद्ध समाज सम्भव नहुने बताए। सामाजिक कार्यमा लगाव बढाउन संस्थाका अग्रजहरुलाई सम्मान गर्न नगरप्रमुख थापाले सुझाव समेत दिए ।

संस्थाका उपाध्यक्ष हिमलाल शर्माको स्वागत मन्तव्य र सचिव कमला वेल्बासेको सञ्चालनमा सम्पन्न कार्यक्रममा भूमिकास्थान-५ का वडाध्यक्ष जयगोपाल श्रेष्ठ, राष्ट्रिय जनमोर्चाका भूमिकास्थान नगर अध्यक्ष हिमलाल बन्जाडे, नेपाल निजामती कर्मचारी संगठन अर्घाखाँचीका अध्यक्ष गणेश भण्डारी, नेपाली कांग्रेस असुरकोट सभापति भेग बहादुर रोका, नेकपा एमाले असुरकोट अध्यक्ष होमवीर राना, माओवादी केन्द्र असुरकोट अध्यक्ष चुरामणी भण्डारी, राजमो असुरकोट प्रतिनिधि रेसम वि.क., उक्त संस्थाका संस्थापक सदस्यद्वय दुर्गा प्रसाद बन्जाडे र बिष्णु प्रसाद श्रेष्ठ लगायतले पनि मन्तव्य राखेका थिए ।

कार्यक्रममा बोल्दै उनीहरुले पानी बिना मानव जीवन सम्भव नभएको बताउँदै पानीको सहि प्रयोग र संरक्षणमा ध्यान दिनुपर्नेमा जोड दिए । साधारणसभामा संस्थाको तर्फबाट अध्यक्ष शिव प्रसाद बन्जाडेले पेश गरेको प्रगति प्रतिवेदन र कोषाध्यक्ष जीवलाल बन्जाडेले पेश गरेको आर्थिक प्रतिवेदन छलफल तथा सुझावसहित पारित भएको छ ।

कार्यक्रममा उठेका प्रश्नको जवाफ दिँदै संस्थाका पदाधिकारीहरुले कतिपय देखिएका कमजोरीलाई आगामी दिनमा सच्याएर जाने प्रतिबद्धता समेत व्यक्त गरे।

खिल्जी-असुरकोट खानेपानी तथा सरसफाई योजना उपभोक्ता संस्थाले अहिले ४ सय ८० घरधुरीमा एक घर एक धारा सिष्टममार्फत पिउने पानीको सुविधा दिँदै आएको छ । षौंदेखि सेङलेङको फेदीबाट निस्किएको मुलको पानी उपयोग गर्दै आएका यी उपभोक्ताहरुलाई अहिले खाकबेसी-थाम्का लिफ्ट खानेपानी योजनामार्फत एक घर एक धारा जडान गरिएको अध्यक्ष शिव प्रसाद बन्जाडेले बताए ।

# न्युयोर्कमा मिथिला सम्पदा संग्रहालय बनाइने




**न्युयोर्क/मस-** मिथिला सेन्टर युएसएका संस्थापक तथा अध्यक्ष अमित प्रताप शाहले न्युयोर्कमा मिथिला सम्पदा संग्रहालय बनाइने घोषणा गरेका छन् । अमेरिकाको न्युयोर्क शहरका मेयर एरिक एडम्सले आफ्नै निवासमा आयोजना गरेको मिथिला हेरिटेज रिसेप्सनमा शाहले सो घोषणा गरेका हुन् ।

अध्यक्ष शाहले मिथिलाको समृद्ध एवम् सांस्कृतिक सम्पदालाई मान्यता दिन मेयर एडम्स र स्थानीय सरकारले ऐतिहासिक कार्यक्रम गरेकोमा धन्यवाद व्यक्त गरे । सेन्टरले संयुक्त राष्ट्रसंघको मुख्यालय न्युयोर्कमा प्रत्येक वर्ष प्रदर्शनी गर्दै आएको छ ।

म्यानहाटनस्थित ग्रेसी म्यानसनमा न्युयोर्कका मेयर एडम्सले आयोजना गरेको ऐतिहासिक कार्यक्रम मिथिला हेरिटेज रिसेप्सनले मिथिला क्षेत्रको जीवन्त समुदाय र सांस्कृतिक महत्वलाई जीवन्त बनाएको थियो। कार्यक्रममा मिथिला क्षेत्रको परम्परा झल्काउने गीत तथा नृत्य प्रस्तुत गरिएको थियो भने संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्यका बारेमा सामुदायिक सचेतना एवम् मिथिला कलाको भूमिकालाई उजागर गर्ने कला देखाइएको थियो ।

कार्यक्रममा न्युयोर्क शहरकी उपमेयर मीरा जोशीले सांस्कृतिक विविधतालाई आफूले सधै संरक्षण गर्ने भन्दै मिथिलाको सांस्कृतिक महत्व र पहिचानलाई संरक्षण गर्न सबै लाग्नुपर्ने बताइन् । कार्यक्रममा न्युयोर्क राज्यसभाकी सदस्य जेनिफर राजकुमार, न्युयोर्क सिटी काउन्सिल सदस्य जुली वोनलगायतले मिथिला कला र संस्कृतिको महत्वका बारेमा आ-आफ्नो धारणा राखेका थिए ।

मिथिला सेन्टर अमेरिकाका सह-संस्थापक तथा मिथिला हेरिटेज म्युजियमका अगुवा नवलकिशोर यादवले मिथिला सम्पदा संग्रहालयले न्युयोर्क शहरको सांस्कृतिक विविधतालाई सुदृढ गर्न महत्वपूर्ण योगदान पुऱ्याउने दाबी गरे ।

कार्यक्रममा मिथिला कला र सम्पदामा योगदान पुऱ्याउने विशिष्ट व्यक्ति तथा संस्थालाई न्युयोर्क शहरका मेयर एडम्सले हस्ताक्षर गरेको प्रशंसापत्रले सम्मान गरिएको थियो । सम्मानित हुनेमा मधेशी एशोसिएसन इन अमेरिका, एशोसिएसन अफ नेपाली तराई इन अमेरिका (एन्टा), विहार-झारखण्ड एशोसिएसन अफ नर्थ अमेरिका, रिजवुड नेपाली समाज, मिथिला सेन्टर अमेरिकाका संस्थापक सदस्य नवलकिशोर यादव र आशा शाहलगायत रहेका छन्। जनकपुर उपमहानगरपालिकाका मेयरका तर्फबाट मिथिला सेन्टर अमेरिकाको टोलीसहित संयुक्त राष्ट्रसंघका लागि नेपालका उपस्थायी प्रतिनिधि कौशल किशोर रोय र न्युयोर्कस्थित नेपाली महावाणिज्यदुतावासका कार्यबाहक महावाणिज्यदूत चक्रकुमार सुवेदीले न्युयोर्क शहरका मेयर एडम्सको कार्यालयलाई सीता मन्दिरको प्रतीक चिन्ह प्रदान गरेका थिए ।

संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्यका लागि मिथिला हेरिटेज भन्ने नाराका साथ साताव्यापी प्रदर्शनी गरिएको हो । मिथिला सेन्टर अमेरिका, नेपाली स्थायी नियोग र नेपाली महावाणिज्यदूतावास न्युयोर्कको संयुक्त आयोजनामा गरिएको प्रदर्शनी जुलाई १७ सम्म चलेको थियो । संयुक्त राष्ट्रसंघीय महासभाको ७८औं सत्रका अध्यक्ष डेनिस फ्रान्सिसले प्रदर्शनीको औपचारिक उद्घाटन गरेका थिए ।

प्रदर्शनीमा एस के सुमन, प्रतिक रायमाझी, नुपुर निशिथ, शैली झा, शिभांगी सिंह, मनिशा शाह सिं लगायतका चित्रकारको चित्रकला प्रदर्शनी गरिएको थियो । त्यस्तै जनकपुर महिला विकास केन्द्रका कलाकारहरु सेलो यादाव, सुधिरा कर्ण, कोमल पूर्वे, निर्मला राम, मञ्जुला ठाकुर, सेब्ती मण्डल र अमृता दत्तको चित्रकला पनि प्रदर्शनीमा राखिएको थियो ।

न्युयोर्कका अधिकांश निर्वाचित पदाधिकारीहरू एवम् जनप्रतिनिधिहरुको उपस्थिति रहेको कार्यक्रममा नेपाल र भारत सरकारका उच्चस्तरीय अधिकारीको उपस्थिति थियो। त्यस्तै कार्यक्रममा न्युयोर्कका विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको पनि उपस्थिति रहेको थियो ।

# प्रादेशिक अस्पताल गौरमा प्रसूति सेवा लिनेको संख्या बढ्दो

**ओमप्रकाश यादव/मध्यान्ह**
रौतहट, १७ साउन



रौतहटको प्रदेशिक अस्पताल गौरमा पछिल्लो समय प्रसूति सेवा लिने महिलाको संख्यामा वृद्धि भएको छ । पहिलाभन्दा अहिले अस्पतालको सेवा सुविधामा व्यापक सुधार गरिएको र निःशुल्करुपमा सुरक्षित प्रसुति गराउने गरिएका कारण जिल्लाको विभिन्न पालिकाबाट प्रादेशिक अस्पतालमै गएर सुत्केरी हुनेको संख्यामा वृद्धि भएको हो ।

गत वर्षको तुलनामा यो वर्ष प्रादेशिक अस्पताल गौरमा सुरक्षितरुपमा सुत्केरी हुने महिलाको संख्या अत्यधिक बढेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष अनवर हाशमीले जानकारी दिए । अहिले दैनिकजसो २५ देखि ३० जनासम्म महिलाले अस्पतालमा बच्चा जन्माउने गरेको अध्यक्ष हाशमीले बताए । साउन १६ गते मात्र १८ जना महिलाले सामान्य अवस्थामा नै बच्चा जन्माएको तथा ७ जना महिलालाई शल्यक्रियामार्फत सफलतापूर्वक सुत्केरी गराइएको उनले बताए ।

प्रसुति गराउने अनुभवी तथा दक्ष चिकित्सक र अन्य सेवा सुविधा तथा उपकरणको राम्रो व्यवस्था गरिएकाले पछिल्लो समय प्रादेशिक अस्पताल गौरमा बच्चा जन्माउने महिलाको संख्या बढेको अध्यक्ष हाशमीको भनाइ छ । उनले मानिसमा चेतनाको स्तर बढेको भन्दै विगतमा भन्दा अहिले अधिकांश महिलाले नियमित गर्भ जाँचसमेत गर्ने गरेको बताए ।

अस्पतालमा रहेका पुराना, अनुभवी र दक्ष चिकित्सक एवम् नर्सिङ कर्मचारीहरूका कारण सबैतिरबाट सुत्केरी हुनका लागि यहाँ आउने गरेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.मुरारी ठाकुरले बताए । डाक्टर ठाकुरका अनुसार प्रसूति कक्षमा १४ जनाभन्दा बढी नर्सिङ कर्मचारी रहेको र उनीहरू चौबिसै घण्टा उपलब्ध हुने गरेका छन् । अस्पतालमा ३ जना प्रसूतिका विशेषज्ञ चिकित्सक रहेका छन् ।

निजी अस्पतालमा प्रसूति गराउँदा ठूलो रकम खर्च हुने गरेको छ । तर सरकारी अस्पतालमा निःशुल्क प्रसूति सेवा र शिशु सघन उपचार कक्षमा सेवा प्राप्त हुने भएकाले निजीभन्दा प्रादेशिक अस्पतालमा सुत्केरी हुन आउने महिलाको संख्या दिनप्रति दिन बढ्दै गएको पाइएको छ । महिलाले सुत्केरी हुनुअघि कम्तीमा चार पटक गर्भ परीक्षण गर्नुपर्ने हुन्छ । परीक्षणलाई अझ बढी व्यवस्थित गर्नका लागि अस्पताल प्रशासन लागिपरेको अस्पतालले जनाएको छ ।


## सूचना ! सूचना !! सूचना !!!

बाल विकास समाजको ३४ औं वार्षिक साधारण सभा तथा नवौं (९) महाधिवेशन (कार्यसमितिको निर्वाचन) एवम् वार्षिक सामाजिक परिक्षण कार्यक्रम तपशिल बमोजिमको मिति, समय र स्थानमा हुने भएकोले यस संस्थाका सम्पूर्ण आजीवन सदस्य, कार्यसमिति सदस्य, संस्थापक सदस्य तथा सल्लाहकारज्यूहरुमा यसै सूचना मार्फत अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**कार्यक्रम हने तपशिलः**
मिति : २०८१ भाद्र २२ गते, शनिबार (7th September, 2024)
स्थान : अल्फा हाउस, नयाँ बानेश्वर, काठमाडौं
सामाजिक परिक्षण कार्यक्रम समय : बिहानको ठिक ११:०० बजे
साधारण सभा तथा महाधिवेशन समय : दिनको ठीक १:३० बजे
सम्पर्क नं: ०१-४८२०९३८, ९८५१०८६३९०, ९८५१०२४६२८ ।

सुवास गौतम
अध्यक्ष
**बाल विकास समाज, काठमाडौं**

## गौर राईस आयल एण्ड फ्लोर मिल्स (नेपाल) लिमिटेड
### वार्षिक साधारण सभाको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०४/१८

**श्री शेयरधनी महानुभावज्यूहरु,**
मिति २०८१/०४/०६ मा बसेको यस कम्पनीको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको बार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एंव उपस्थितिका लागि यो सूचना प्रेषित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति : २०८१/०५/०९ गते**
**स्थान : कम्पनीकै रजिष्ट्रार कार्यालय**
**समय : बिहान ११:00 बजे ।**

**छलफलका विषयहरुः**
**(क) साधारण प्रस्तावहरुः**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/०८१ को वासलात, नाफा नोक्सान, हिसाव र नगद प्रवाह विवरण माथि छलफल गरि पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लेखापरिक्षक नियुक्ति गर्न र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिको आ.व.२०८०/०८१ मा गरेका मुख्य मुख्य निर्णयहरु अनुमोदन गर्ने समबन्धमा ।
५. संचालक समितिको गठन गर्ने सम्वन्धमा ।
६. विविध ।

**(ख) विशेष प्रस्तावहरुः**
१. स्वतन्त्र संचालक आव्हान गर्ने बारे ।
२. कम्पनी सचिव नियुक्ति गर्ने बारे ।
३ पुँजी बृद्धी गर्ने सम्वन्धमा ।
४ २ करोड सम्म जगेडा शेयर बिक्री गर्ने सम्वन्धमा ।

**(ग) विविध प्रस्तावहरुः**
**बार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी**
(क) वार्षिक साधारण सभा सूचना तथा संक्षिप्त प्रतिवेदन प्रत्येक शेयरधनीको उपलब्ध ठेगानामा हुलाक/कुरिएर/ईमेल/मेसेन्जर मार्फत् पठाईने छ । वार्षिक साधारण सभा सम्बन्धी कुनै जनकारी आवश्यक भएमा कम्पनीको रजिष्ट्रार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
(ख) साधारण सभामा उपस्थित हुँदा प्रवेशपत्र वा शेयर प्रमाणपत्र लिई उपस्थित हुन अनुरोध गरिन्छ ।
(ग) शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी पुस्तिका बिहान १०:३० बजे देखि खुल्ला गरिनेछ ।
(घ) साधारण सभामा भाग लिनका लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्रार कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनीको अध्यक्ष**

## काठ लिलाम विक्री सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८१/०४/१८**

डोटी जिल्ला जोरायल गा.पा. वडा नं. ४, खैगाडमा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आ.व. २०८०/०८१ मा संकलन भएर उत्पादन भई जोरायल गा.पा. १, गैरामा घाटगद्दी गरी राखिएको लट नं. १ को खोटे सल्ला गोलिया थान **२०१** को परिमाण **३२६८.९८** क्यु. फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ती, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र खरीद गरी १६ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री खैगाड समैजी सा.व.उ.स. जोरायल गा.पा. ४, खैगाड, डोटी**

## श्री जनएकता सा.व.उ.स. चन्द्रपुर न.पा.४, रौतहतको घाटगदीमा रहेको काठ/दाउरा लिलाम विक्री वितरण सम्बन्धी संक्षिप्त सूचना

**दोश्रो पटक सूचना प्रकाशन मिति.२०८१।०४।१८**

जनएकता सामुदायिक वन उपभोक्ता समूह चन्द्रपुर न.पा. ४, रौतहटको वनबाट ४०० के.वी. प्रशारण लाईनमा परेको रुखहरुबाट आ.व. २०७७।०७८ उत्पादन भई समुहमा विकी भई घाटगद्दीमा बाँकी रहेको गोलिया काठहरुलाई विभिन्न लट बनाई राखिएको साल, खयर र अन्य जातसमेत गरी गोलिया काठ थान १२७७ को ७८२९।५३ घ.फि. र दाउरा ७ (सात) चटा र आ.व.२०७४/०७५ मा ढलापडा रुखहरुबाट उत्पादन भएको गोलिया काठहरु मध्ये बाट सालको गोलिया थान ७० को ३३३.२८ क्यू.फिट र आ.व.२०७५/०७६ को ढलापडा रुखहरुबाट उत्पादन भई घाटगदीमा रहेको कर्मा र सिसौको गोलिया थान ६५ को २३५.७९ क्यू.फिट र कुप कटान तर्फको साल, असना र वाँझीको गोलिया थान २० को १३६.६४ क्यू.फिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ। इच्छुक व्यक्ति, सङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले १५ दिनभित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा वा सम्पर्क नं. ९८४४१२७२०५ मा सम्पर्क गर्न सकिनेछ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री जनएकता सामुदायिक वन उपभोक्ता समूह**
**चन्द्रपुर न.पा ४, रौतहट**

## श्री जयहनुमान सा.व.उ.स. गुजरा न.पा. २, रौतहतको घाटगदीमा रहेको काठ/दाउरा लिलाम विक्री वितरण सम्बन्धी संक्षिप्त सूचना

**दोश्रो पटक सूचना प्रकाशन मिति.२०८१।०४।१८**

जयहनुमान सामुदायिक वन उपभोक्ता समूह गुजरा न.पा. २, रौतहटको वनबाट आ.व. २०७५/०७६ मा उत्पादन भई समुह र छिमेकी समुहमा विकी भई घाटगद्दीमा बाँकी रहेको साल र अन्य जातको गोलिया थान ७१ को ८०८.२९ क्यू.फिट काठ र २.५ चट्टा दाउरा र आ.व. २०७७/०७८ मा उत्पादन भएको मध्ये आन्तरिक खपत भई बाँकी रहेको साल र अन्य जातको गोलिया थान १४३ को ११२६.२८ क्यू.फिट काठको लट जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। सुचिकृत भएको इच्छुक व्यक्ति, सङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले १५ दिनभित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डि.व.का. रौतहटको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री जयहनुमान सामुदायिक वन उपभोक्ता समूह**
**गुजरा न.पा २, रौतहट**

## MAURITIUS वैदेशिक रोजगारको अवसर

कम्पनीः J & J GROUP LTD — शहरःValentina Phoenix
पूर्व स्वीकृत मितिः २०८१/०२/२१ — चलानी नं.: ६०२२०४८३ — LT. No.: 305192 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 90 | 0 | सम्बन्धित काममा दक्ष | 16500 | ४७,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Shuttering Carpenter | 30 | 0 | | 16500 | ४७,३५५ | | | | | | | |
| 3. | Steel Fixer | 30 | 0 | | 16500 | ४७,३५५ | | | | | | | |

अन्तर्वार्ता युनिर्भसल ट्रेनिङ सेन्टर काठमाडौंमा २०८१ साउन २४ र २७ गते (8 & 11 August 2024) मा हुनेछ ।
अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर इटहरी सुनसरीमा २०८१ साउन २५ गते (9 August 2024) मा हुनेछ ।
अन्तर्वार्ता गल्फ ट्रेनिङ सेन्टर जनकपुर धनुषामा २०८१ साउन २६ गते (10 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**प्रुडेन्सियल ओभरसिज प्रा. लि.**
सिनामंगल, काठमाडौं, नेपाल, Tel:- 01-5918914
Mob.: 9802002035, 9802002013, 9802002032
श्रम इजाजत नं. ८००/०६५/०६६

## साउदीमा रोजगार

कम्पनी : ESTABLISHMENT KHALID ABDULRAHMAN KHALAF AL-OTAIBI COMMERCIAL — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०४/१६ — चलानी नं.: ६०२२२९६० — L.T. No.: 308180

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant (Kitchen Helper) | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : RESTAURANT ZAWIAH SHAMSE FOR FAST FOOD — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०४/१७ — चलानी नं.: ६०२२२९८१ — L.T. No.: 308179

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant (Kitchen Helper) | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २५ गते (9 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MITHILA INTERNATIONAL SERVICE PVT. LTD.**
P.O.Box No.: 11016, EPC 174, Tilganga-9, (Near Tilganga Hospital), Gaushala, Kathmandu, Nepal
Tel: 9813828296, 9803055121, 9865115019
E-mail: anjulayadav@hotmail.com, info@mithilagroup.com, Url: www.mithilaintlgroup.com
श्रम इजाजत पत्र नं.: १०२७/०६८/०६९

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com



## सम्पादकीय

# 'ब्रेक थ्रु'पछिको दायित्व

दुई दशकदेखि अल्झिरहेको संक्रमणकालीन न्याय टुंग्याउने प्रक्रिया अगाडि बढाउन प्रमुख दलहरूबीच सहमति जुटेको छ । नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच संक्रमणकालीन न्याय सम्बन्धी (टीआरसी) विधेयकमा सहमति जुटेको हो । यो विधेयक झण्डै दश वर्षदेखि सहमति जुट्न सकेको थिएन । जसको कारण ५ मंसिर २०६३ मा माओवादी शान्तिपूर्ण राजनीतिमा आएपनि दश वर्ष चलेको सशस्त्र द्वन्द्वका पीडितहरूले न्याय पाउने कार्य रोकिएको थियो । शान्ति प्रक्रियाको कार्य रोकिनामा दलहरूको अडान मात्र कारण थिएन । २०७१ सालमै बेपत्ता पारिएका व्यक्तिहरूको छानबीन र सत्य निरूपण तथा मेलमिलाप आयोग बनाएर काम अगाडि बढेको थियो । तर सर्वोच्च अदालतले पीडितले न्याय पाउने सुनिश्चिता नरहेको निष्कर्ष सहित फैसला गऱ्यो ।

सर्वोच्चको फैसलाकै कारण फेरि नयाँ कानून बनाउने प्रक्रिया सुरू भएको थियो । तर दलहरूबीच विधेयकका अन्तर्वस्तुमा सहमति जुट्न सकेन । विशेषगरी प्रतिपक्षमा रहने दलले अड्को थाप्ने काम गऱ्यो । यो अवधिमा कहिले कांग्रेस र एमाले प्रमुख प्रतिपक्षी शक्ति रहे । मुलुकको प्रमुख शक्ति नै पालैपालो प्रतिपक्षीमा रहने र उसले लिने अडानका कारण विधेयक अगाडि बढ्न सकेको थिएन । तर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री हुँदा यो कामले गति लियो । प्रचण्डकै पहलकदमीमा तीन दलका नेताहरू रहेको कार्यदल बनेको थियो । तर कार्यदलले सहमति नजुटाउँदै सरकार परिवर्तन भयो । सरकार परिवर्तन भएपनि प्रमुख प्रतिपक्षमा रहेको माओवादी यो विधेयक टुंग्याउन प्रतिबद्ध रहेकाले कानून बन्ने बाटो खुल्ने आधार तयार भएको छ ।

केही नभएको अवस्थामा कानून बन्नु आफैमा उपलब्धि हो । तर कानून बन्दैमा शान्ति प्रक्रिया टुंगिहाल्छ भन्ने सकिदैन । किनकि कानूनका आधारमा आयोगहरू बन्नुपर्नेछ, ती आयोगले प्रतिवेदन बुझाउनुपर्नेछ । र कार्यान्वयनमा लगेर शान्ति प्रक्रियाका बाँकी कामहरू टुंग्याउनुपर्नेछ । तर नेपालमा जस्तो राजनीतिक परिस्थिति सिर्जना हुँदै आएको छ, त्यसले शान्ति प्रक्रियाको बाँकी काम सजिलै टुंगिनेमा ढुक्क हुन सकिदैन । दलहरूले आफ्नो स्वार्थ हेरेर अडान लिए भने कानून बनेर मात्र पनि हुँदैन । जबकी पीडितलाई न्याय दिलाउन मात्र नभएर अन्तर्राष्ट्रिय जगतमा मुलुकको प्रतिष्ठाका निम्ति पनि शान्ति प्रक्रिया टुंग्याउन विलम्ब गरिनु हुन्न ।

# वित्तीय संघीयताको चुनौती र गन्तव्य

*खर्च जिम्मेवारी, राजस्व अधिकार, अन्तरसरकारी वित्तीय हस्तान्तरण, प्राकृतिक स्रोतको परिचालन एवम् सार्वजनिक ऋण जस्ता विषयहरू वित्तीय संघीयताका आधारका रूपमा रहेका छन् । वित्तीय संघीयताको सफलता यिनै आधारहरूको सफलतामा निर्भर रहने गर्दछ ।*

अग्रलेख



● ललितकुमार यादव


संघीयताका राजनीतिक, वित्तीय र प्रशासनिक गरी मूलतः तीन आयाम रहेका छन् । संघीय शासन प्रणालीको सफलताका लागि तीन वटै आयाम सन्तुलित र मजबुत हुनुपर्दछ । संघीयतालाई सारभूतरूपमा सफल बनाउन वित्तीय संघीयताको सन्तुलित अभ्यास हुन आवश्यक रहेको हुन्छ । एक पक्ष कमजोर भएमा अर्को पक्ष स्वतः कमजोर हुन्छ । वित्तीय संघीयताको संस्थागत विकास गर्दा यसलाई पृथकरूपमा नहेरीसँगसँगै लैजान आवश्यक रहन्छ । सबल र दिगो वित्तीय संघीयताका लागि सक्षम, व्यावसायिक र उच्च मनोबलयुक्त प्रशासनिक संयन्त्र चाहिन्छ । जनउत्तरदायी तथा उच्च नैतिकता भएको लोकतान्त्रिक एवम् रूपान्तरणीय राजनीतिक संस्था अत्यावश्यक रहन्छ ।

वित्तीय संघीयताले तहगत सरकारहरूबिच कार्यजिम्मेवारी तथा राजस्व अधिकारको बाँडफाँट, वित्तीय हस्तान्तरणको व्यवस्थापन, सार्वजनिक ऋणको नियमन जस्ता विषयलाई समेट्दछ । वित्तीय संघीयतामा सबैभन्दा चनाखो हुनुपर्ने विषय भनेको समष्टिगत आर्थिक स्वास्थ्यको पालना हो । यसको व्यवस्थापन मुलुकको वित्तीय स्वास्थ्यमा प्रतिकूलता नथपिने गरी गरिनुपर्दछ । वित्तीय संघीयतालाई वित्तीय लोकप्रियताको बाटो पक्रिन दिनु हुँदैन । सार्वजनिक वित्तको प्रयोग उत्पादनशील र नतिजामूलक क्षेत्रमा गर्नेगरी वित्तीय संघीयतालाई संस्थागत गर्नु पर्दछ ।

वित्तीय संघीयताले तहगत सरकारको आर्थिक निर्णयसँग सरोकार राख्ने गर्दछ । बृहत अर्थमा वित्तीय संघीयता भनेको सरकारको वित्तीय सशक्तिकरणको माध्यमबाट आम नागरिकको आर्थिक सशक्तिकरण हो । नेपालको सन्दर्भमा वित्तीय शक्ति र जिम्मेवारीको संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबिच बाँडफाँट गरी आम नागरिकको आर्थिक सशक्तिकरणलाई वित्तीय संघीयता भनेर बुझ्नुपर्दछ । वित्तीय संघीयतालाई सार्वजनिक अर्थशास्त्रको दायराबाट पनि विश्लेषण गर्ने गरिन्छ । सार्वजनिक अर्थशास्त्रले सरकारको नीतिले अर्थतन्त्रलाई के-कस्तो असर पार्दछ र नागरिकको अधिकतम कल्याणका लागि के-कस्तो नीति तथा कार्यक्रम आवश्यक हुन्छ भन्ने विषयको अध्ययन गर्दछ । वित्तीय संघीयताको मूल लक्ष्य जहिले पनि आम नागरिकको समृद्धि नै हो । त्यसैले वित्तीय संघीयताको अभ्यास गर्दा शिक्षा र स्वास्थ्य जस्ता सामाजिक क्षेत्रमा लगानी गर्नु फाइदाजनक हुन्छ ।

वित्तीय संघीयताका अध्ययनलाई यसको पहिलो पुस्ताको सिद्धान्त र दोस्रो पुस्ताको सिद्धान्तको नाममा समेत विश्लेषण गर्ने गरिन्छ । पहिलो पुस्ताको सिद्धान्तले वित्तीय संघीयतालाई सार्वजनिक अर्थशास्त्रको शास्त्रीय दायराबाट हेर्ने गर्दछ । तल्लो तहको सरकारले प्रभावकारीरूपमा गर्न सक्ने काम पर्याप्त कारण बिना माथिल्लो तहबाट गर्नु हुन्न । दोस्रो पुस्ताको सिद्धान्तले भने वित्तीय संघीयतालाई अर्थ राजनीतिको दायराबाट समेत हेर्ने गर्दछ । यस सिद्धान्तले सार्वजनिक वित्तीय साधन स्रोत भनेको अरुको पैसा खर्च गर्ने कार्य भएकाले यसको व्यवस्थापन गर्दा वित्तीय उत्तरदायित्व र जवाफदेहितालाई समेत पर्याप्त महत्व दिने गर्दछ । शक्तिशाली प्रशासनिक र राजनीतिक पात्रहरूले सार्वजनिक वित्तीय स्रोतको दुरूपयोग वा आफ्ना मतदाता खुसी पार्न प्रयोग गर्न सक्ने हुनाले वित्तीय जवाफदेहिताको सुनिश्चितता समेत गर्नुपर्दछ ।

हरेक तहको सरकारलाई आफ्नो सरकारको दैनिक प्रशासन चलाउन र जनतालाई सार्वजनिक सेवा प्रवाह गर्न वित्तीय साधन स्रोतको आवश्यकता पर्दछ । वित्तीय संघीयताले सार्वजनिक वित्त तथा आर्थिक कार्य एवम् जिम्मेवारीको सरकारका तीन तहबिच के-कसरी बाँडफाँट गर्ने भन्ने प्रश्नको उत्तर दिने गर्दछ । यसले सार्वजनिक खर्च, सार्वजनिक आय र सार्वजनिक ऋण र आर्थिक क्रियाकलापको व्यवस्थापन कुन तहको सरकारले के-कसरी र के-कति गर्ने भन्ने विषयमको छिनोफानो गर्न स्पष्ट खाका प्रदान गर्नुपर्दछ । यी विषयहरू संविधान तथा कानुनबाट, तदर्थ अभ्यासबाट, आपसी सम्झौताबाट र संस्थागत व्यवस्थाबाट तय गर्ने गरिन्छ ।




> *वित्तीय संघीयता संघीय शासन प्रणालीको राजनीतिक व्यवस्थापनको साधनभन्दा पनि आम नागरिकको आर्थिक समृद्धिको यात्राको सारथी बन्न सक्नुपर्दछ । यसको वैधता नागरिकको समुन्नतिमा निर्भर रहन्छ । आर्थिक समृद्धि र शासन प्रणालीबिच तालमेल नमिलेमा नागरिकको शासन प्रणालीप्रतिकै विश्वास टुट्न सक्दछ ।*

